## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु अरुण शाह र शिवाजी कामीत मु.नं (०७८-CR-००६०) फैसला मिति २०८०।१०।२२ | सरकारी रकम हिनाविना तथा झुट्टा विल भर्पाई वनाई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•साविक गा.वि.स. राजपुरका तत्कालिन सचिव केशव घिमिरेले जम्मा रकम रु.२४,९२,५१०/५० हानी नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिन आएकोले निजलाई बिगो रकम रु.२४,९२,५१०/५० (अक्षररुपी चौबिस लाख बयानब्बे हजार पाँच सय दस रुपैया पचास पैसा मात्र) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा १ र दफा ३ को उपदफा(१) को खण्ड (च) बमोजिम सजाय हुन तथा निज केशव घिमिरेले नै विभिन्न सामाग्री खरीद समेत गर्ने कार्यमा जम्मा रकम रु.२,६७,०२६/- झूठा बिल पेश गरी भुक्तानी लिने/दिने गरेको कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसुर गरेको पुष्टी हुन आएकोले निजलाई बिगो रकम रु.२,६७,०२६/- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन माग दावी लिएको अवस्था देखिन्छ ।<br>• गा.वि.स. राजपुरको तत्कालीन खाता संचालक अरुण शाहले चेकमा हस्ताक्षर गरेको रकम जम्मा रु.३,२७,३४९/५० (तीन लाख सत्ताईस हजार तीन सय उनान्चास रूपैया पचास पैसा मात्र) रकम हिनामिना मध्ये दलित दलान र विद्युत पोल खरिदमा रकम रु.६०,३२३/५०(साठ्ठी हजार तीन सय तेईस रुपैया पचास पैसा मात्र) हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टी हुन आएकोले निजलाई बिगो रकम रु. ६०,३२३/५० कायम गरी सोहि ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को खण्ड (ग) बमोजिम सजाय हुन तथा क्यामेरा खरिद, स्टेशनरी, सरसफाई कार्यक्रमको खाजा टेण्ट खेलकुद सामाग्री खरीद समेत कार्यमा जम्मा रकम रु.२,६७,०२६/-(दुई लाख सत्सठ्ठी हजार छब्बिस रुपैया मात्र) रकम झुठ्ठा विल पेश गरी भुक्तानि लिनेदिने कार्य गरेकोमा सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय(ङ) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रकम | **फैसलाः**<br>प्रतिवादीलाई सफाई गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादीहरु शिवाजी कामती र अरुण शाहले रकम हिनामिना गर्ने कार्यमा कुनै संलग्नता नरहेको, असल नियतले काम गरेको भन्ने समेत व्यहोरा उल्लेख गरी कसुरमा इन्कारी रही वयान गरेको देखिएको।<br>•प्रस्तुत मुद्दामा प्रतिवादीहरु शिवाजी कामती र अरुण शाहले कुनै अनुचित लाभ लिएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको। | •प्रस्तुत मुद्दामा जिल्ला विकास समितिको कार्यालय सिरहामा कार्यरत सामाजिक विकास अधिकृत अरुण शाहले बयानमा मेरो रकम हिनामिनामा कुनै संलग्नता नरहेको र नियतवस रकम हिनामिना गर्ने गरी चेकमा सही गरेको होईन भनेता पनि रकम भुक्तानि गर्ने बेलामा गा.वि.स.सचिवसंगको चेकमा संयुक्त हस्ताक्षर निज प्रतिवादी अरुण शाहको भएको देखिनुका साथै संयुक्त रुपमा दस्तखत खाता संचालनमा रहेको भनि जिल्ला समन्वय समितिको कार्यालय सिरहाबाट प्राप्त पत्रबाट उल्लेखित चेकमा रहेको हस्ताक्षर आफ्नो भएको तथ्यलाई निज सामाजिक विकास अधिकृत अरुण शाहले समेत स्वीकार गरी अनुसन्धानको क्रममा तथा अदालत समक्ष वयान गरेको र त्यसलाई प्रमाण ऐन, २०३१ को दफा (९) अनुसार प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ भने प्रतिवादी केशव घिमिरेले लिएको पेश्की बाहेकको अन्य हिनामिना भएको रकमको हकमा निज समेतको उत्तदायित्व रहेको भन्ने देखिरहेको अवस्थामा सो तथ्य तर्फ अन्देखा गरी यी प्रतिवादीको कुनै जिम्मेवारी नै नरहेको भन्ने अर्थ गरी अभियोग दावीवाट सफाई दिई भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको छ।<br>• प्रस्तुत मुद्दामा गा.वि.स.सचिव केशव घिमिरे र उक्त कार्यालयका सि.अ.ऐ.व.छैठौ एवं. खाता सचांलक शिवजी कामतीले कुनै श्रेस्ता नराखी चेक काटेको स्टेशनरी, कार्यालय संचालन, संचालन खर्च, विकास खर्च, विकास निर्माण समेत गरी रु.२,८१,००२/- हिनामिना गरेको देखिन्छ।यसरी तत्कालिन अर्नमा प्र.रा. गा.वि.स.का तत्कालिन गा.वि.स. सचिव केशव घिमिरेको कार्यकालमा रु.२२,६५,८७७/- रकम हिनामिना भएको भन्ने प्रष्ट रुपमा देखिरहेको साथै जिल्ला सिरहा उप-स्वास्थ चौकीमा कार्यरत सि.अ.हे.व.शिवजी कामतीले गरेको बयानमा केशव घिमिरे कार्यरत रहँदा गा.वि.स.को खातामा संचालन म र गा.वि.स. सचिव केशव घिमिरेको संयुक्त हस्ताक्षरबाट भएको हो भनि अनुसन्धान तथा अदाल समक्ष वयान गरेको र उक्त वयानलाई प्रमाण ऐन २०३१ को दफा (९)अनुसार प्रमाणमा ग्रहण गर्न मिल्ने अवस्था नै देखिएको साथै केशव घिमिरेले लिएको पेश्की बाहेकको रकमको हकमा निज प्रतिवादी शिवजी कामती समेतको उत्तदायित्व रहने भन्ने देखिरहेको अवस्थामा निज शिवजी कामतीलाई आरोपदावीवाट सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको छ।<br>•प्रतिवादी अरुण शाहले अनुसन्धानको क्रममा र अदालतमा समेत वयान गर्दा आफु जि.वि.स. सिरहामा कार्यरत रहँदा सिरहा राजपुर गा.वि.स. मा आ.व. २०६९ साल देखी २०७०/०७१ सम्म गा.वि.स. आर्थिक कारोवारको खाता संचालक रहेको तथ्यलाई स्वीकार गरी प्रतिवादी केशव घिमिरे र आफूले संयुक्त सही छाप गरी सामानहरुको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.२,६७,०२६/-कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन माग दावी लिएको अवस्था देखिन्छ ।<br>•गा.वि.स.को कार्यालय अर्नमा प्र.रा.का खाता संचालक शिवजी कामती (अधिकृत छैठौं, सि.अ.हे.व, कल्याणपुर नगरपालिका सिरहा)ले शीर्षक नखुलेको रकम रु.६०,०००/-, स्टेशनरी रकम रु.३६,५२८/-, कार्यालय संचालन रकम रु.५६,५००/-, संचालन खर्च रकम रु.११,६९४/-, विकास निर्माण रकम रु. १,१६,२८०/- गरी जम्मा रकम रु.२,८१,००२/-(दुई लाख एकासी हजार दुई रुपैया मात्र) रकम हानि नोक्सानी गरेको पुष्टि हुन आएकोले निज तत्कालिन खाता संचालक शिवजी कामतीले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टी हुन आएकोले निजलाई बिगो रकम रु. २,८१,००२/- (दुई लाख एकासी हजार दुई रुपैया मात्र) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुने अभियोग मागदावी लिएको अवस्था देखिन्छ । साथै साविक अर्नमा प्र.रा.को हिनामिना भएको कुल रकम रु.२२,६५,८७७/- मध्ये प्रतिवादी केशव घिमिरे मात्रले हिनामिना गरेको रकम रु.१९,८४,८७५/- निज प्रतिवादी केशव घिमिरेबाट र प्रतिवादी केशव घिमिरे र प्रतिवादी शिवजी कामतीले हिनामिना गरेको रकम रु.२,८१,००२/- यी दुवै प्रतिवादीहरुबाट साविक अर्नमा प्र.रा. गा.वि.स. हाल जिल्ला सिरहा कल्याणपुर नगरपालिका वडा नं. ०१ कायम भएको देखिँदा उक्त कुल रकम रु.२२,६५,८७७/-(बाईस लाख पैसठ्ठी हजार आठ सय सतहत्तर) कल्याणपुर नगरपालिकालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम दिलाई भराई पाउन साथै साविक राजपुर गा.वि.स.को हिनामिना भएको कुल रकम रु.४,९३,६५९/५० मध्ये प्रतिवादी केशव घिमिरे मात्रले हिनामिना गरेक रकम रु.१,६६,३१०/- निज प्रतिवादी केशव घिमिरेबाट र प्रतिवादी केशव घिमिरे र प्रतिवादी अरुण शाहले हिनामिना गरेको रकम रु.३,२७,३४९/५० निज दुवै प्रतिवादीहरुबाट भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ र दफा ८(१) बमोजिम साविकको राजपुर गा.वि.स. हाल विष्णुपुर गाउँपालिका वडा नं. २ र ३ मा कायम भएको देखिएको हुँदा उक्त कुल रकम रु.४,९३,६५९/५०(चार लाख तिरानब्बे हजार छ सय उन्साठ्ठी | | रकम भुक्तानी गरेको तथ्यलाई उजागर गरेको देखि भने अर्का प्रतिवादी शिवजी कामतीले समेत आ.व. २०७२/०७३ देखि २०७३ साल चैत्र सम्म अर्नमा प्र. रा. को बैंक खाता प्रतिवादी केशव घिमिरे र आफूले संयुक्त रुपमा सहीछाप गरी खातामा संचालन गरेको र चेक मार्फत केशव घिमिरेले मिति २०७३/१/१० मा सामाजिक सुरक्षामा वापत रु. ६,२६,०००/- झिकेको तथ्यलाई स्वीकार गरी वयान गरेको देखिन्छ। यसरी प्रतिवादी केशव घिमिरे सँग मिलेमतो गरी संयुक्त रुपमा खाता संचालन गर्ने समान स्तरका अभियुक्त यि प्रतिवादीद्वयले लेखाको जानकारी हुँदा हुँदै नक्कली विलको आधारमा रकम भुक्तानी दिने एवं औचित्य पुष्टि नहुदाँ नहुदै पेश्की रकम भुक्तानीको लागी सहभागी भई चेकमा हस्ताक्षर गरी दिने कार्य गरेको तथ्य निज स्वंय कै वयानबाट प्रामणित भई रहेको एवं सो तथ्य मिशिल संलग्न बुझीएका सर्जमिन मुचुल्काका मानिसहरुको बकपत्र लगायत भुक्तानी भएको लेखा श्रेस्ता कागजातबाट पुष्टि भई रहेको अवस्थामा उक्त सम्वद्ध प्रमाणहरु ग्रहण नगरी आत्मगत रुपमा रकम हानी नोक्सानी कार्यमा संलग्नता नरहेको जस्ता तर्क गरी प्रतिवादी अरुण साह र शिवजी कामतीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा वदर भागी छ।<br>•अत, प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादी केशव घिमिरेलाई आरोप दावी वमोजिम नै सजाय हुने ठहर गरी विशेष अदालतवाट फैसला भएको देखिदा सो उपर पुनरावेदन नगर्ने र प्रतिवादीहरु शिवाजी कामती र अरुण शाहको रकम हिनामिना गर्ने कार्यमा संलग्नता र मिलोमतो रहेको भन्ने देखिरहेको अवस्थामा मिसिल संलग्न तथ्य प्रमाणहरुको मुल्याङकन नगरी विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरु शिवाजी कामती र अरुण शाहको हकमा आरोपदावी बमोजिमको कसुर ठहर तथा सजाय नगरी आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय गरीपाउँ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पचास पैसा) जिल्ला सिरहा विष्णुपुर गाउँपालिकालाई दिलाई भराई पाउन समेतको माग दाबी लिएको अवस्था देखिन्छ ।<br>**अदालतको फैसला**<br>•प्रतिवादीहरु मध्येका प्रतिवादी केशव घिमिरेले रु. २४९२५१०/५० हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र झुट्टा विल पेस गरी रु.२,६७,०२६/- भुक्तानी लिने दिने गरी उक्त ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसुरमा सोहि ऐनको दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम बिगो रु.२४,९२,५१०/५० - जरिबाना गरी सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम तीन वर्ष कैद सजाय हुने ठहर गरी साथै उक्त ऐनको दफा १७ बमोजिम उक्त बिगो निज 'प्रतिवादीबाट असुल गरी रु.२,२६,६३३ / ५० सिराहा जिल्लाको तत्कालको राजपुर गा.वि.स. ले भरी पाउने र वाकी रु.२२,६५,८७७/- अर्नमा प्र.रा.गा.वि.स ले भरिपाउने ठहर गरी फैसला भएको अवस्था छ । यसका साथै निज प्रतिवादीलाई सो ऐनको दफा ८ उपदफा (१) को खण्ड (ङ) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.२६७०२६/- जरिवाना र एक वर्ष कैद सजाय हुने र उक्त बिगो निज प्रतिवादीबाट असुल उपर गरी सो बिगो तत्कालको राजपुर गा.वि.स.ले भरिपाउने ठहरी फैसला भएको अवस्था देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरुमध्येका प्रतिवादी शिवाजी कामती र अरुण शाहले आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ । | | |